# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०९/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पेश गरिएको मुद्दाको विवरण :-

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र.केशव वहादुर सुनार समेत (वि.अ. को मु.नं. ०७९-CR-०१०६), वि.अ. को फैसला मिति २०८०।०९।२६** | गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको | **क) अधिकृत केशव बहादुर सुनार, ऐ. नगरपालिकाका तत्कालीन ईन्जिनियर बसन्त रोकाया र ऐ.नगरपालिकाका तत्कालीन सव-ईन्जिनियर शिवराज शाहीको हकमा:** तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव वहादुर सुनारले प्रमाणित गरी सोही प्रतिबेदनको आधारमा रु. २२,८९,२६५।६८ (बाइस लाख उनानन्ब्बे हजार दुई सय पैसठ्ठी रुपैयाँ अठसठ्ठी पैसा) बढी भुक्तानी गरी गैरकानूनी लाभहानी लिने दिने उद्देश्यले कार्य गरेको र निज प्रतिवादीहरुको उल्लेखित कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (१) (ग) र (ङ) वमोजिमको कसुर भएको देखिन आएको हुँदा प्रतिवादीहरु ठुलीभेरी नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत केशव बहादुर सुनार, ऐ.नगरपालिकाका तत्कालीन ईन्जिनियर बसन्त रोकाया र ऐ.नगरपालिकाका तत्कालीन सव-ईन्जिनियर शिवराज शाहीलाई उल्लेखित कसूरमा विगो रु. २२,८९,२६५।६८ (बाइस लाख उनानन्ब्बे हजार दुई सय पैसठ्ठी रुपैयाँ अठसठ्ठी पैसा) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद तथा जरिवानाको सजाय हुन मागदावी लिइएको छ।साथै उल्लेखित विगो रकम रु.२२८९२६५।६८(बाइस लाख उनानन्ब्बे हजार दुई सय पैसठ्ठी रुपैयाँ अठसठ्ठी पैसा) मध्ये रु. १९,११,५८३।-(रु.उन्नाईस लाख एघार हजार पाँच सय त्रियासी मात्र) सिटिजन्स बैंक ईन्टरनेसनल लि.मा मिति | फैसल<br>प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट प्रतिवादीहरु उपरको अभियोजित आरोप स्थापित हुन नसकेको अवस्था देखिएकोले प्रतिवादीहरु केशव बहादुर सुनार समेतले आरोपित कसुरबाट सफाई पाउने ठहरी विशेष अदालत, काठमाण्डौबाट मिति २०८०।०९।२६ मा फैसला भएको अवस्था छ।<br><br>**विशेष अदालत काठमाण्डौवाट प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी फैसला गर्दा लिएका आधारहरुः**<br><br>(क) प्रस्तुत मुद्दामा ०७४/०७५ सालको ट्रयाक खोल्ने बाटो ०७७/०९/१२ मा मात्र नापी गरिदा कामको अन्य परिमाणमा फरक आउने अबस्था स्वभाविक हुने र बढी भुक्तानी लिएको रकम नगरपालिकाको राजश्व खातामा उपभोक्ता समितिले दाखिला गरिसकेको हुँदा प्रतिवेदनको आधारमा मात्र प्रतिवादीहरु उपरको अभियोजित आरोप स्थापित गर्न मिल्ने अवस्था नरहेको।<br>(ख) करिब तीन वर्ष पछि प्राविधिक रुपमा नापजाच गर्दा | क) प्रस्तुत मुद्दामा जिल्ला डोल्पा, ठुलीभेरी नगरपालिका वडा नं. ८ स्थित प्रतिवादीले घट्टदेखि तर्पुखोलासम्मको सडक निर्माणकार्यमा आयोगबाट खटी गएको प्राविधिक टोलीको प्राविधिक प्रतिबेदनमा उल्लेखित परिमाण गणना गर्दा क्रमशः Ordinary soil तर्फ २५४३.२४ घन मिटर काम भई उक्त कामको प्रति घन मिटर रु.३३०।-का दरले जम्मा रु.८,३९,२६८।३५ हुने, BM soil तर्फ २२४५.४२ घन मिटर काम भई प्रति घन मिटर रु.३९६।- का दरले जम्मा रु.८,८९,१८८।१७ हुने र Soft Rock तर्फ १२१.१८ घन मिटर काम भई प्रति घन मिटर रु.१३२० का दरले जम्मा रु.१५९९६१।३८ भई जम्मा रु.१८,८८,४१७।९०(अठार लाख अठासी हजार चार सय सत्र रुपैयाँ नब्बे पैसा) बराबरको मात्र कार्य भएकोले सम्झौता बमोजिम नगरपालिकाबाट भएको जम्मा कामको ८०% मात्रले हुन आउने रकम रु.१५,१०,७३४।३२ (पन्ध्र लाख दश हजार सात सय चौतिस रुपैयाँ बत्तिस पैसा) भुक्तानी हुनुपर्नेमा नगरपालिकावाट रु.३८,००,०००।-(अडतिस लाख) भुक्तानी गरी नगरेको कामवापत रु.२२,८९,२६५।६८ (बाइस लाख उनानन्ब्बे हजार दुई सय पैसठ्ठी रुपैयाँ अठसठ्ठी पैसा) बढि भुक्तानी गरी प्रतिवादीहरुले हानी नोक्सानी पुऱ्याउने कार्य गरेको भन्ने मिसिल संलग्न प्रमाणवाट पुष्टी भएको देखिरहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदाबी बमोजिम कसूर कायम गरी सजाय गर्नुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण रहेकोले उक्त त्रुर्टिपूर्ण फैसला वदर गरीपाउँ ।<br>ख) प्रतिवादीहरुले उपभोक्ता समितिलाई वढी भुक्तानी दिने वदनियतपूर्ण उद्धेश्यवाट प्रेरित भई फिल्डमा भएको वास्तविक काम भन्दा वढी नापी कितावमा उल्लेख गरी रु२२,८९,२६५।६८ (बाइस लाख उनानन्ब्बे हजार दुई सय पैसठ्ठी रुपैयाँ अठसठ्ठी पैसा) वरावरको काम नै नभएको रकम उपभोक्ता समितिको खातामा भुक्तानी दाखिल गरेको तथ्य मिसिल संलग्न नापी किताव समेतवाट प्रमाणित भएको देखिन्छ।प्रस्तुत मुद्दामा उजुरी परी अनुसन्धान शुरु भएपश्चात १९,११,५८३।-(रु.उन्नाईस लाख एघार हजार पाँच सय त्रियासी मात्र) प्रतिवादीहरुले सिटिजन्स बैंक ईन्टरनेसनल लि.मा मिति २०७८/०४/३१ गते जम्मा गरिसकेको भन्ने देखिएको र बाँकी रहेको विगो रकम रु. ३,७७,६८२।६८ (तिन लाख सतत्तर हजार छ सय बयासी रुपैयाँ अठसठ्ठी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २०७८/०४/३१ गते जम्मा गरिसकेको देखिदा बाँकी रहेको विगो रकम रु.३,७७,६८२।६८ (तिन लाख सतत्तर हजार छ सय बयासी रुपैयाँ अठसट्ठी पैसा) निज प्रतिवादीहरुबाटै ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर हुन साथै निज प्रतिवादीहरु मध्ये फिल्डमा निर्माण भएको भन्दा रु. २२,८९,२६५।६८ (बाइस लाख उनाननब्बे हजार दुई सय पैसट्ठी रुपैयाँ अठसट्ठी पैसा) अन्तिम विलमा बढि काम गरेको भनि ऐ. नगरपालिकाका तत्कालीन सव-ईन्जिनियर शिवराज शाही र तत्कालीन ईन्जिनियर बसन्त रोकायाले गलत अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदन तयार गरेको र तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव वहादुर सुनारले उक्त प्रतिबेदनलाई प्रमाणित गरी सोही अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदनको आधारमा रु. २२,८९,२६५।६८ (बाइस लाख उनाननब्बे हजार दुई सय पैसट्ठी रुपैयाँ अठसट्ठी पैसा) बढी भुक्तानी समेत भएको देखिंदा निज प्रतिवादीहरु केशव बहादुर सुनार, बसन्त रोकाया र शिवराज शाहीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिमको समेत कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम समेत सजाय हुन मागदावी लिएको देखिन्छ।<br>ख) **कर्ण बहादुर रोकाया, काली सार्की, टोप बहादुर चन र ठुलीभेरी नगरपालिका वडा नं. ८ का तत्कालीन वडा अध्यक्ष हरि प्रसाद डाँगीका हकमाः** ठुलीभेरी नगरपालिका डोल्पाबाट ठुलीभेरी नगरपालिका वडा नं. ८ स्थित घट्टदेखि तर्पुखोलासम्म सडक निर्माण योजना | वर्षाका कारण सो बाटो भत्किन सक्ने, पुरिन सक्ने, कतै वर्षातको पानीले पहिरिन वा साँगुरिन सक्ने हुँदा Ordinary soil cutting, B.M. soil cutting, Soft rock cutting, Medium rock cutting र Hard rock cutting तर्फको परिणाममा केही फरक पर्न सक्ने सम्भावना नजरअन्दाज गर्न नमिल्ने। | पैसा) विगो कायम गरी निज प्रतिवादीहरु उपर अभियोगपत्र दायर भएको र उक्त रकम यि प्रतिवादीहरुले दाखिल गरेको अवस्था पनि छैन भने सो रकम वापतको काम भएको अवस्था पुष्टी हुन आएको पनि देखिँदैन।करिब तीन वर्ष पछि प्राविधिक रुपमा नापजाच गर्दा वर्षाका कारण सो बाटो भत्किन सक्ने, पुरिन सक्ने, कतै वर्षातको पानीले पहिरिन वा साँगुरिन सक्ने हुँदा Ordinary soil cutting, B.M. soil cutting, Soft rock cutting, Medium rock cutting र Hard rock cutting तर्फको परिणाममा केही फरक पर्न सक्ने सम्भावना नजरअन्दाज गर्न नमिल्ने भन्ने विशेष अदालतको फैसलाको आधारलाई मध्यनजर गर्दा पनि उक्त निर्माण स्थलमा वर्षाको कारण पहिरो जाने भत्कने समेतको कार्यवाट नोक्सानी भएको भन्ने तथ्य पुष्टी हुने कुनै प्रमाण पेश हुन सकेको पनि देखिँदैन । दैविक प्रकोप परेको तथ्य उल्लेख गरी प्रतिवादीहरुले निवेदन दिएको रेकर्ड अभिलेख गरेको अवस्था समेत देखिँदैन । यसरी दैवी प्रकोप परी क्षति भएको तथ्य प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणवाट नदेखिएको अवस्थामा केवल अनुमानको आधारमा मात्र दैविक प्रकोपको आधार जनाई प्रतिवादीहलाई सफाई दिनेगरी भएको फैसला त्रुटीपूर्ण रहेकोले उक्त फैसला वदर गरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गरीपाउ।<br>ग) प्रतिवादीहरुको वदनियत भन्ने शब्दले कुनै काम गर्दा पछाडिको नराम्रो उद्देश्य वा गलत मनसायलाई बुझाउँछ। यसको अर्थ कुनै काम गर्दा सतही रूपमा देखिने कुराभन्दा फरक, लुकेको र हानिकारक उद्देश्य हुनुपर्ने र यसमा कुनै कामलाई क्षति पुर्‍याउने मनसाय अरूलाई ठग्ने वा फाइदा लिन खोज्ने मनसाय कानुन विपरीतको काम गर्ने मनसाय वा अरूलाई हानि पुऱ्याउने मनसाय रहे भएको भन्ने अवस्थालाई वुझाउँछ प्रस्तुत मुद्दामा प्रतिवादीहरुले जानी जानी बदनियतका साथ बास्तविक फिल्डमा भन्दा नापी किताबमा बढी परिमाण जनाई ठुलीभेरी नगरपालिकाले व्यहोर्नु कामको ८०% मात्रले हुन आउने रकम रु.१५,१०,७३४।३२ (पन्ध्र लाख दश हजार सात सय चौतिस रुपैयाँ बत्तिस पैसा) भुक्तानी हुनुपर्नेमा नगरपालिकावाट रु.३८,००,०००।- (अडतिस लाख) भुक्तानी गरी नगरेको कामवापत रु.२२,८९,२६५।६८ (बाइस लाख उनाननब्बे हजार दुई सय पैसट्ठी रुपैयाँ अठसट्ठी पैसा) बढि भुक्तानी गरी प्रतिवादीहरुले हानी नोक्सानी पुऱ्याउने कार्य गरेको भन्ने मिसिल संलग्न प्रमाणवाट पुष्टी भएको अवस्थामा प्रतिवादीहरुको वदनियत नदेखिएको भन्ने आधार ग्रहण गरी आरोपित कसूरवाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी छ ।<br>घ) प्रतिवादीहरुले नापी कितावमा वढी काम गरेको देखाई भुक्तानी दिएको रु. २२,८९,२६५।६८ (बाइस लाख उनाननब्बे हजार दुई सय पैसट्ठी रुपैयाँ अठसट्ठी पैसा)मध्ये रु. १९,११,५८३।-(रु.उन्नाईस लाख एघार हजार पाँच सय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निरीक्षण तथा अनुगमन समितिका सदस्यहरु कर्ण बहादुर रोकाया, काली सार्की र टोप वहादुर चनले भएको वास्तविक काम भन्दा बढी काम भएको भनी भए गरेको कुरा लुकाई छिपाई वा नभए नगरेको कुरा देखाई गलत प्रतिवेदन पेस गरेको र निज प्रतिवादीहरु ठुलीभेरी नगरपालिकाको योजना अनुगमन समितिमा रही योजनाहरुको अनुगमन गरी वास्तविक प्रतिवेदन दिने जिम्मेवारीमा रहेको पदाधिकारी भएको अनुसन्धानवाट देखिन आएको एवं ठुलीभेरी नगरपालिका वडा नं. ८ का तत्कालीन वडा अध्यक्ष हरि प्रसाद डाँगीले उक्त योजना ईष्टिमेट बमोजिम कार्य सम्पन्न नभएको अवस्थामा कार्य सम्पन्न भएको भनि भुक्तानीको लागी च.नं. २२० मिति २०७५/०३/१० र च.नं.२३० मिति २०७५/०३/३१ गतेमा नगरपालिकामा सिफारिस गरी गलत सिफारिस एवं प्रतिवेदन गरेको हुँदा निज प्रतिवादीहरु घट्टदेखि तर्पुखोलासम्म सडक निर्माण योजना निरीक्षण तथा अनुगमन समितिका सदस्यहरु कर्ण बहादुर रोकाया, काली सार्की, टोप वहादुर चन र वडा नं. ८ का तत्कालीन वडा अध्यक्ष हरि प्रसाद डाँगीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिम कसुर गरेको देखिएकोले निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिएको देखिन्छ।<br>**ग)हर्क बहादुर डाँगी, कोषाध्यक्ष रेश्मा डाँगी र सचिव कर्ण चन्द्र डाँगीको हकमाः**<br>उपभोक्ता समितिका अध्यक्ष हर्क बहादुर डाँगी, कोषाध्यक्ष रेश्मा डाँगी र सचिव कर्ण | | त्रियासी मात्र) अनुसन्धानको क्रममा दाखिल गरेको देखिंदा कामै नभएको अवस्थामा वढी काम देखाई वढी भुक्तानी गरेको तथ्यलाई प्रतिवादीहरुले स्विकार गरेकै देखिन आयो। बढी भुक्तानी दिएको रकम मध्ये३,७७,६८२।६८ (तिन लाख सतत्तर हजार छ सय बयासी रुपैयाँ अठसट्ठी पैसा) निज प्रतिवादीहरुले दाखील गरेको कुनै प्रमाण पेश गर्न सकेको अवस्था छैन र उक्त रकम बुझाउनु पर्ने होईन भनी प्रतिवादीहरुले वस्तुनिष्ठ प्रमाण सहित खण्डन गर्न सकेको अवस्था पनि प्रस्तुत मुद्दामा देखिदैन। प्रतिवादीहरुले तिर्नु बुझाउनुपर्ने पर्ने रकम रु. ३,७७,६८२।६८ (तिन लाख सतत्तर हजार छ सय बयासी रुपैयाँ अठसट्ठी पैसा) को हकमा अदालत आफैले दैवीकप्रकोप, बाढी, पहिरोसमेतको अनुमान गरी कसुरवाट उन्मुक्ति दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटीपूर्ण रहेकोले उक्त फैसला वदरभागी छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदाललतवाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) मा :" भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने" भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित सिद्धान्तको आधारमा समेत उक्त फैसला त्रुटीपूर्ण भई वदरभागी रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | चन्द्र डाँगीले ठुलीभेरी नगरपालिकालाई गैरकानूनी हानि पुऱ्याउने र आफूहरुले गैरकानूनी लाभ लिने उद्देश्यले नगरपालिकासँग गरेको संझौता विपरित थोरै कार्य गरी बढि कार्य गरेको भनि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसुर गरेको देखिएकोले उक्त रकम रु. २२,८९,२६५।६८ (बाइस लाख उनाननब्बे हजार दुई सय पैसट्ठी रुपैयाँ अठसट्ठी पैसा) लाई विगो कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ८ (४) वमोजिम सजाय गरी उल्लेखित विगो रकम मध्ये रु. १९,११,५८३।-(रु.उन्नाईस लाख एघार हजार पाँच सय त्रियासी मात्र) प्रतिवादीहरुले सिटिजन्स बैंक ईन्टरनेसनल लि.मा मिति २०७८/०४/३१ गते जम्मा गरिसकेको देखिदा बाँकी रहेको विगो रकम रु. ३,७७,६८२।६८ (तिन लाख सतत्तर हजार छ सय बयासी रुपैयाँ अठसट्ठी पैसा) निज प्रतिवादीहरुबाटै ऐ. ऐनको दफा ८(४) बमोजिम जफत हुन मागदावी लिएको देखिन्छ। | | |